# नेपाल टेलिकम
# NEPAL TELECOM

"राष्ट्र निर्माण हाम्रो लक्ष्य"
"Nation Building is Our Goal"

पत्र संख्याः सेयर-२०८२/८३
च.नः- ०३८

मितिः२०८२/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
युएनआई शान्तिमार्ग, भद्रकाली, काठमाडौं ।

विषयः अठारौं वार्षिक साधारण सभा तथा Book Close सम्बन्धी सूचना सम्बन्धमा ।

प्रस्तुत विषयमा कम्पनीको सञ्चालक समितिको मिति २०८२/०९/०८ गते बसेको १०८९ औं बैठकबाट अठारौं वार्षिक साधारण सभा मिति २०८२/०९/३० गते सम्पन्न गर्ने निर्णय भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) वमोजिम साधारण सभा तथा Book Close सम्बन्धी सूचना जानकारीको लागि यसै पत्रसाथ संलग्न गरी पठाइएको ब्यहोरा अनुरोध छ ।

२०८२।०९।०८

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

बोधार्थ
१. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं ।
२. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि., पुतलिसडक, काठमाडौं ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।


कम्पनी सचिवालय,
केन्द्रीय कार्यालय,
दूरसञ्चार भवन, भद्रकालीप्लाजा, काठमाण्डौं।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको नाममा दर्ता भएको

प्रवन्ध निर्देशकः ४२४३४४४
कम्पनी सचिवः ४२१०००१
कम्पनी सचिवालयः ४२१०२७८/२७५/२८८

# अठारौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेड

केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा

(प्रथम पटक प्रकाशित मिति २०८२।०९।०९)

**आदरणीय सेयरधनी महानुभावहरु,**

यस कम्पनीको मिति २०८२।०९।०८ गते अपरान्ह ४:१५ बजे बसेको सञ्चालक समितिको १०८९ औं बैठकको निर्णय अनुसार कम्पनीको अठारौं वार्षिक साधारण सभा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकोले कम्पनी ऐन, २०६३ को दफा ६७ (२) तथा कम्पनीको नियमावलीको नियम १० को उपनियम (३) बमोजिम सम्पूर्ण सेयरधनी महानुभावहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभाको कार्यक्रम**

मिति २०८२/०९/३० गते, (तदनुसार १४ जनवरी २०२६) बुधवार

समय: विहान ११:०० बजे ।

स्थान: राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं ।

**छलफलका विषय:**

**१. साधारण प्रस्ताव:**

क) आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

ख) लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

ग) लेखापरीक्षण ऐन, २०७५ को दफा ११ मा भएको व्यवस्था अनुसार श्री महालेखापरीक्षकको कार्यालयको परामर्श तथा कम्पनी ऐन, २०६३ को दफा १६५(घ) को प्रावधान अनुरुप कम्पनीको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८२/८३ को लागि कम्पनीको लेखापरीक्षक नियुक्त गर्ने, निजहरुको पारिश्रमिक निर्धारण गर्ने तथा नियुक्तिका अन्य सर्तहरु निर्धारण गर्ने प्रस्ताव पारित गर्ने ।

घ) कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) बमोजिम नेपाल सरकार, अर्थ मन्त्रालयबाट स्वीकृत भएपश्चात आ.व. २०८१/८२ को कम्पनीको मुनाफा रकम मध्येबाट सेयरधनीहरुलाई प्रति सेयर रु ३०।- अक्षरुपी तिस रुपैयाँ मात्र (नगद लाभांशमा लाग्ने करसमेत) का दरले नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

**२. विविध:**

सञ्चालक समितिको आज्ञाले,
द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव

**कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी थप जानकारी:**

१. कम्पनीको अठारौं वार्षिक साधारण सभा प्रयोजनार्थ मिति २०८२ साल पौष २० गतेदेखि मिति २०८२ साल पौष ३० गतेसम्म कम्पनीको सेयर दाखिल खारेजको काम बन्द गरिनेछ । साथै, नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२ साल पौष १९ गतेसम्म नियमानुसार कारोबार भई यस कम्पनीको सेयर दाखिल खारेजका लागि प्राप्त हुन आएका सेयरधनी महानुभावहरुलाई यस साधारण सभाको प्रयोजनको लागि सेयरधनी कायम गरिनेछ ।

२. वार्षिक साधारण सभामा भाग लिन उपस्थित हुने सेयरधनीहरुले आफ्नो BOID Statement वा सेयर प्रमाणपत्र वा परिचय खुल्ने प्रमाण (कागजात) अनिवार्य रुपमा लिई आउनु हुन अनुरोध गरिन्छ ।

३. वार्षिक साधारण सभामा भाग लिन सेयरधनी आफैं उपस्थित हुन नसक्ने भएमा निजको तर्फबाट प्रोक्सी नियुक्त गर्न सकिनेछ । प्रतिनिधि नियुक्त गर्न चाहने सेयरधनीले सो सम्बन्धी निवेदन मिति २०८२/०९/२६ गते अपरान्ह ४:०० बजेभित्र कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ । एकभन्दा बढी व्यक्तिलाई सेयर विभाजन गरी वा अन्य कुनै किसिमबाट छुट्याएर दिएको प्रोक्सी बदर हुनेछ ।

४. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभा हुने दिन हाजिर पुस्तिका खुल्नुअघि सभास्थलमा आई लिखित सूचना दिनुपर्नेछ।

५. सभामा भाग लिन प्रत्येक सेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । सेयरधनी महानुभावको सुविधाको लागि सभा हुने दिन सेयरधनी उपस्थिती पुस्तिका बिहान १०:०० बजेदेखि खुला रहनेछ ।

६. सेयरधनी महानुभावहरुको ठेगानामा पठाइने कम्पनीको अठारौं वार्षिक साधारण सभाको प्रतिवेदन यस कम्पनीको Website: www.ntc.net.np मा हेर्न सकिनेछ । कुनै कारणवस प्रतिवेदन प्राप्त गर्न नसक्नु भएका सेयरधनी महानुभावहरुले यस कम्पनीको केन्द्रीय कार्यालय, भद्रकालीप्लाजा, काठमाडौंबाट परिचय खुल्ने कागजात पेश गरी लिन सक्नुहुनेछ ।

७. नावालक वा विक्षीप्त सेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको सेयरधनीहरुको लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएका व्यक्तिलाई मात्र संरक्षकको रुपमा मान्यता दिइनेछ ।

८. विविध शिर्षक अन्तर्गत छलफल गर्न चाहने सेयरधनी महानुभावहरुले सभा हुनुभन्दा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा, काठमाडौंमा लिखित जानकारी दिनुपर्नेछ । लिखित जानकारी नदिएको विषय उपर प्रश्न गर्न सकिने छैन ।

९. सेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य वा प्रश्नहरुका सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपमा जवाफ दिइनेछ ।

१०. सेयरधनी महानुभावहरु सभास्थलमा उपस्थित हुँदा झोला, पोका जस्ता बस्तुहरु नलीई आउन हुन अनुरोध गरिन्छ । सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

११. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिवालय, भद्रकालीप्लाजा, काठमाडौंमा सम्पर्क गर्नुहुन समेत अनुरोध छ ।

द्वारिका प्रसाद पौडेल
कम्पनी सचिव